# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ७) मुसिकोट,गुल्मी,श्रावण २० गते,२०८० साल (संख्याः६


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (तेस्रो संसोधन ), २०८०

स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (तेस्रो संसोधन ),२०८०

प्रस्तावनाः

मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (यस पछि मूल नियमावली भनि सम्वोधन गरिएको) लाई संसोधन गर्न वान्छनीय भएकोले स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरकार्यपालिकाको मिति 2080/04/12 को वैठकले शिक्षा नियमावलीलाई देहाय वमोजिम संसोधन गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस नियमावलिको नाम "मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (तेस्रो संसोधन ) २080" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. मूल नियमावलीको नियम 54,उपनियम 3 को "क,ख र ग" मा भएको व्यवस्थालाई हटाई नया थप गरिएकोः

क) माध्यमिक तह (कक्षा ११-१२) को विषय विज्ञ हुन कक्षा 11,12 वा माथिल्लो तह सञ्चालित क्याम्पसको पूर्णकालीन शिक्षण सेवामा सेवारत स्थायी वा करार उप-प्राध्यापक,सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सोही तहको स्वीकृत दरबन्दीमा निरन्तर कार्यरत स्थायी वा करार शिक्षक र सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण हुनु पर्नेछ ।

क.1. माध्यमिक तह (कक्षा ९-१०) को विषय विज्ञ हुन सम्बन्धित तह र विषयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/करार/राहत शिक्षक तथा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण हुनु पर्नेछ ।

क.2.आधारभूत तह (कक्षा ६-८) को विषय विज्ञ हुन सम्बन्धित तह र विषयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/करार/राहत शिक्षक र सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण हुनु पर्नेछ ।

क.3. आधारभूत तह (कक्षा १-५) को विषय विज्ञ हुन सम्बन्धित तहको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी /करार/राहत शिक्षक र स्नातक तह उत्तीर्ण हुनु पर्नेछ ।

क.4. विद्यालय सहायक कर्मचारी (लेखापाल) छनौट गर्ने प्रयोजनको लागि विषय विज्ञ हुन माध्यमिक तह (कक्षा ११- १२ वा कक्षा ९-१०) को वाणिज्य वा लेखाशास्त्र विषयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/करार/राहत शिक्षक र सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण हुनु पर्ने तथा कम्प्युटर सम्बन्धी ज्ञान र सीप परीक्षणको लागि आवश्यक पर्ने विषय विज्ञ छनौट समितिले निर्धारण गरेबमोजिम हुनेछ । तर जुन सुकै तहको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी वा करार वा राहत शिक्षक, माध्यमिक तह (कक्षा ११- १२ वा कक्षा ९-१०) को वाणिज्य वा लेखाशास्त्र आंशिक रुपमा निरन्तर ५ वर्षदेखि अध्यापन गरेको र सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भएकोलाई विद्यालय सहायक कर्मचारीको विषय विज्ञ हुन वाधा पुगेको मानिने छैन ।

ख) प्रारम्भिक बाल शिक्षा केन्द्र शिक्षक र विद्यालय सहयोगीको छनौट जुन सुकै तह र विषयको विषय विज्ञहरुले छनौट गर्न सक्नेछन् ।
ग) विषय विज्ञको सूची प्रत्येक वर्ष शैक्षिक सत्रको सुरुमा वा आवश्कतानुसार शिक्षा, युवा तथा खेलकुद शाखाले अद्यावधिक गर्न सक्नेछ ।
घ) माथिल्ला तहका विषय विज्ञहरु स्वत: तल्ला तहका विषय विज्ञका मानिनेछन् ।
ङ) यी बाहेकका अन्य विधाका शिक्षक तथा कर्मचारीको छनौटसम्बन्धी विषय विज्ञको योग्यता छनौट समितिले निर्धारण गरेबमोजिम हुनेछ ।
च) योग्यता पुगेका विषय विज्ञहरु अन्य पालिका वा जिल्ला पालिका वा प्रदेश पालिकाबाट समेत सूचीकृत हुन सक्नेछन् ।
छ) अन्यत्र पालिकामा कार्यरत योग्यता पुगेका शिक्षकहरुलाई विषय विज्ञका रुपमा आमन्त्रण गर्न वाधा पर्ने छैन ।

ज) कुनै तह र विषयको विषय विज्ञको सूचीमा ३ वा सो भन्दा कम विज्ञ भएमा योग्यता पुगेका तर सूचीकृत नभएका शिक्षकलाई पनि विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

३. मूल नियमावलीको नियम 54 मा उपनियम 9 थप गरिएकोः

9. यस नगरपालिकाको शिक्षक तथा कर्मचारी छनौट समितिले सञ्चालन गर्ने छनौट परीक्षामा सहभागी भएका उम्मेदवारहरुमध्येबाट सबै चरणका परीक्षाहरुमा उत्तिर्ण उम्मेदवारहरुमध्य, शिक्षा शाखाले आवश्यकता निर्धारण गरी बढिमा 6 महिनाको म्याद रहने गरी योग्यता क्रम अनुसारको अस्थायी करार सूची प्रकाशन गर्ने र शिक्षक सेवा आयोगद्वारा प्रकाशित योग्यता क्रम अनुसारको करार सूचीका उम्मेदवारहरुमध्येबाट पदपूर्ति हुने गरी विज्ञापन गर्दा कुनै उम्मेदवार नआएमा तह, पद र विषय मिल्ने रिक्त शिक्षक दरबन्दीमा सोही अस्थायी करार सूचीबाट करार नियुक्ति गर्न सकिनेछ ।

प्रमाणिकरण मिति
२०८०।०४।२०

आज्ञाले,
विनोद कुवंर
प्रशासकीय अधिकृत

मूल्यरू १०

मुसिकोट राजपत्र